**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**
**BROADCAST: 18:40 hrs**
**Date: 11.10.2024**

**Rajnath:**

वर्ष 2024 को दोस्रो सेना कमाण्डर सम्मेलन गान्तोकको सीमावर्ती क्षेत्रमा 10 अक्टोबरदेखि सङ्करित स्वरूपमा सुरु भयो। सीमावर्ती इलाकामा वरिष्ठ कमाण्डरहरूको सम्मेलन आयोजन गर्नुले भारतीय सेनाको धरातलीय वास्तविकतामाथिको ध्यानलाई देखाउँछ। कार्यक्रममा भारतीय सेनाका शीर्ष नेतृत्वले विस्तृत रूपमा विद्यमान सुरक्षा स्थिति, सीमाक्षेत्रका साथै परिक्षेत्रमा स्थिति र वर्तमान सुरक्षा तन्त्रका लागि चुनौतीहरूबारे चर्चा गऱ्यो। यसका सम्मेलनले साङ्गठनिक पुनर्गठन, प्रचालन, प्रशासन अनि मानव संसाधन प्रबन्धनसित सम्बन्धित विषयहरूमाथि पनि ध्यान केन्द्रित गरिरहेको छ। सम्मेलनको दोस्रो दिनको मुख्यांश रक्षा मन्त्री राजनाथ सिंहद्वारा भारतीय सेनाका वरिष्ठ नेतृत्वगणलाई सम्बोधन रहेको थियो। गान्तोकमा खराब मौसमका कारण रक्षा मन्त्रीले सुकनास्थित सेना छाउनीबाट परोक्ष रूपमा सम्बोधन गर्नुभयो। रक्षा मन्त्रीले भारतीय सेनामाथि सम्पूर्ण राष्ट्रको भरोसा देशको सबैभन्दा विश्वासिलो अनि प्रेरक सङ्गठनका रूपमा रहेको कुरा दोहोऱ्याउनुभयो। सेना कमाण्डरहरूको सम्मेलनमा उपस्थित हुन पाएकोमा गर्वबोध गर्दै राष्ट्रका साथै प्रधानमन्त्रीको रक्षा अनि सुरक्षा सम्बन्धी परिकल्पनालाई सफलतापूर्वक अघि बढाएकोमा सैन्य नेतृत्त्वको उहाँले प्रशंसा गर्नुभयो। उत्तरी सीमाको वर्तमान स्थितिको चर्चा गर्दै रक्षा मन्त्रीले वर्तमानमा सबै स्तरमा शान्ति प्रस्ताव चलिरहेको भए तापनि सेनामाथि पूर्ण विश्वास व्यक्त गर्नुभयो। विकट परिस्थितिमा काम गर्दै पश्चिमी अनि उत्तरी सीमामा सडक सुविधामा अतुलनीय सुधार ल्याएकोमा बीआरओको सराहना गर्दै सुधार निरन्तर जारी रहनुपर्ने उहाँले बताउनुभयो। पश्चिमी सीमामा स्थितिको उल्लेख गर्दै, सीमा पार आतङ्कवाद विरुद्ध भारतीय सेनाको प्रतिक्रियाको सराहना गर्नुभयो र शत्रु देशद्वारा परोक्ष युद्ध भने जारी राखेको बताउनुभयो। जम्मू-कश्मीरमा आतङ्कवादको खतरालाई सम्बोधित गर्न सीएपीएफ, पुलिस बल र सेनाबीच उत्कृष्ट सहकार्यको सराहना गर्दछु, रक्षा मन्त्रीले भन्नुभयो। रक्षा मन्त्रीले मातृभूमिको रक्षामा अनन्तिम बलिदानका लागि वीर जवानहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्नुभयो। युद्धको निम्ति र कुनै पनि समय आइपर्ने कुनै प्रकारको अनिश्चितताको निम्ति सधैं तयार रहन आवश्यक रहेको कुरामाथि उहाँले बल दिनुभयो। उहाँले भन्नुभयो, भारतीय सेनाप्रति राष्ट्रलाई गर्व छ र सेनाको अग्रगमन, सुधारको मार्ग तथा आधुनिकीकरण क्षमताको निम्ति सरकार प्रतिबद्ध छ।

**CM-Durga Puja:**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज राज्यपाल श्री ओमप्रकाश माथुरलाई राजभवनमा भेट गरी दुर्गा पूजा अर्थात् बडा दसैँका अवसरमा राज्यपाललाई न्यानो शुभकामना दिनुभयो। साथै, श्री तामाङले दुर्गा पूजाको शुभ अवसरमा सिक्किमवासीलाई पनि शुभकामना दिनुभएको छ। उहाँले भन्नुभएको छ, यस हर्षका क्षणमा हामीबीच शान्ति, भाइचारा र एकता छाओस्, अनि समाजको नैतिक आधारलाई बलियो पार्दै राज्य र राष्ट्रको उन्नति र विकासमा आफूलाई पुनः समर्पित गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दछु। साथै, दुर्गा पूजाले हरेक घर परिवारमा समृद्धि, खुसी र सद्भाव ल्याओस्। सबैका लागि सम्मान, समानता र न्याय कायम राख्ने समाज निर्माणका लागि हाम्रो बन्धनलाई बलियो बनाउन एकजुट होऔं। सबैलाई शुभ र रमाइलो पर्वको शुभकामना छ।

## International Girl Child Day:

अन्तरराष्ट्रिय बालिका दिवस 2024 आज देशभरि मनाइयो। यो दिवस सन् 2012 मा संयुक्त राष्ट्रले पहिलोचोटी स्थापित गरेको थियो। यसको उद्देश्य लैङ्गिक असमानता, बाल विवाह, सीमित शिक्षाजस्ता समस्याहरू समाधन गर्नु हो। यस वर्षको विषय **भविष्यका लागि बालिका दृष्टिकोण** रहेको छ। भारत सरकारले पनि महिला तथा बाल विकास मन्त्रालय, स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय एवं शिक्षा मन्त्रालय अन्तर्गत सन् 2015 मा **बेटी बचाओ बेटी पढाओ** अभियानको परिकल्पना गरेको थियो। यस योजनाले आमाबाबुलाई आफ्ना 10 वर्ष मुनिका छोरीलाई उच्च शिक्षा दिन पन्ध्र वर्षसम्म धनराशि बचत गर्न प्रोत्साहित गऱ्यो। यस बचतमा आयकर छुट र बचतमा सात प्रतिशतभन्दा बढी ब्याजदर छ। **बेटी बचाओ बेटी पढाओ**-को सुरुवातमा उत्तर प्रदेश, हरियाणा, बिहार, उत्तराखण्ड, पंजाब, दिल्लीका समूहहरूलाई लक्षित गरिएको थियो। पछि 2019 मा, आर्थिक सर्वेक्षणले लैङ्गिक समानताको प्रतिनिधित्व गर्न **बेटी बचाओ**, **बेटी पढाओ**-लाई **बदलाव, बेटी आपका धन लक्ष्मी र विजय लक्ष्मी'** नामकरण गर्न सुझाव दिएको थियो। यो दिवस मङ्गनको लोअर लिङ्गहेममा पनि मनाइयो । कार्यक्रममा नजिकैको हुलाक कार्यालयमा 10 वर्ष मुनिका बालिकाहरूका लागि बचत योजना **सुकन्या समृद्धि योजना**बारे पनि जानकारी दिइयो। नाम्चीमा पनि महिला तथा बाल विकास विभागले मायाल्याङ बालगृहमा अन्तरराष्ट्रिय बालिका दिवसका अवरमा विशेष कार्यक्रम मनाइयो।

## Nawami or Mahanami:

सिक्किम लगायत देशका विभिन्न भागमा हिन्दू धर्मावलम्बीहरूले आज नवरात्रीको नवौँ दिन महानवमी धुमधामले मनाइँदै छन्। गत नौ दिनदेखि व्रत राख्नेहरूले विधि विधानका साथ पूजा अर्चना गरी आफ्नो व्रत समाप्त गर्दछन्। यस अवसरमा स-साना कन्याहरूलाई खाना खुवाइने चलन पनि छ, जसलाई कन्या भोज भनिन्छ। नवरात्रीको नवौँ दिन महानवमीमा गत नौ दिन अघिदेखि घरहरूमा स्थापित पूजा कलशहरूको अन्तिम पूजा गरिन्छ। यसपाली अष्टमी र नवमी एकै दिन परेकाले आज बलि पूजा पनि गरियो।